प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटवल- १२, रुपन्देही

## प्रयोगात्मक परीक्षा संचालन सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८१।०५।०४**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट २०८१/०५/१९ गते देखि संचालन हुने डिप्लोमा तहको वार्षिक परीक्षा प्रणाली तर्फको प्रथम, दोस्रो तथा तेस्रो वर्षको साथै मिति २०८१/०५/३० गते देखि संचालन हुने डिप्लोमा तहको सेमेष्टर परीक्षा प्रणाली तर्फको प्रथम वर्ष दोस्रो खण्ड तथा दोस्रो वर्ष दोस्रो खण्डको नियमित तथा आंशिक बाहय प्रयोगात्मक परीक्षा "परीक्षा संचालन सम्बन्धि निर्देशिका २०७९" को परिच्छेद ५ को प्रयोगात्मक परीक्षा संचालन विधि १५, १६ र १७ बमोजिम सम्बन्धित शिक्षण संस्थाहरुले सैदान्तिक परीक्षा शुरु हुनु **अगावै वा समाप्ति** पछि गर्ने व्यवस्था भएकोले सम्बन्धित शिक्षण संस्थाहरुले यस प्रदेश कार्यालयको परीक्षा शाखाबाट प्रयोगात्मक परीक्षा तालीका अनिवार्य रुपमा अनुमोदन गराई परीक्षा संचालन गर्न गराउनुहुन सूचीत गरिन्छ। साथै परीक्षा तालिका यसै साथ संलग्न Format को ढाँचा अनुसार तयार गरी परीक्षा शाखाको इमेल ठेगाना : exam.ctevtp5@gmail.com मा पठाउनु हुन अनुरोध छ।

**नोटः**

१. प्रयोगात्मक अंक बुझाउदा अनिवार्य रुपमा प्रयोगात्मक परीक्षाको हाजिरी, आन्तरिक र बाह्य परीक्षकको तयार पारेको मुल्याङ्कन आधार सुचि (अनुसुची १ र २), आन्तरिक र बाह्य परीक्षक दुवैले अन्तिम मूल्याङ्कन फारममा (अनुसुची ३) अनिवार्य रुपमा दस्तखत र सिलबन्दी गरी बुझाउनु पर्ने छ।

२. अनुसूची १,२,३, प्रयोगात्मक परीक्षाको केन्द्राध्यक्ष नियुक्ति पत्र र प्रयोगात्मक परीक्षाको बाह्य/आन्तरिक परीक्षकको नियुक्ति पत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परीषद्, लुम्बिनी प्रदेश कार्यालयको website(www.ctevtp5.org.np/www.ctevtlp.org.np) को Download मा हेर्नुहोला ।

३. प्रयोगात्मक अंक, हाजिरी र मुल्याङ्कन आधार सूचीमा अनिवार्य रुपमा विद्यालयको सही/छाप लगाउनु पर्नेछ।

४. केरमेट भएका, टिपेक्स लगाएका र सही छाप नभएका प्रयोगात्मक अंक बुझ्न प्रदेश कार्यालय बाध्य हुने छैन।

**निर्देशक**